# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको बैठकका निर्णयहरु

| आयोगको बैठक सङ्ख्याः६६ | निर्णय मितिः२०८०/०१/३१ |
|---|---|

## निर्णय नः ५०

**आर्थिक वर्ष २०८०/८१ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई गरिएको सिफारिस सम्बन्धमा।**

१. आ.व. २०८०/०८१ का लागि सङ्घ, प्रदेश र स्थानीय सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई देहाय अनुसार सिफारिस गर्ने निर?नय गरियो।

**क) नेपाल सरकार**

नेपाल सरकारले तत्कालको समष्टिगत आर्थिक स्थिति, प्रदेश तथा स्थानीय तहले परिचालन गर्ने आन्तरिक ऋणको परिणाम र बजारको स्थिति समेत विश्लेषण गरी तीनै तहले उठाउने कुल आन्तरिक ऋण आ.व. २०८०/०८१ को अनुमानित ग्राहस्थ उत्पादनको ५ प्रतिशतमा नबढ्ने सुनिश्चित गरी परिचानल गर्ने।

**ख) प्रदेश सरकार**

प्रदेश सरकारले आ.. २०८०/०८१ मा नेपाल सरकारबाट प्राप्त हुने राजस्वको योगफलको १२ % मा नबढ्ने गरी आन्तरिक ऋण उठाउने।

**ग) स्थानीय सरकार**

स्थानीय सरकारले आ.व. २०८०/०८१ मा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट हुने राजस्वको योगफलको १२ % मा नबढ्ने गरी आन्तरिक ऋण उठाउने।

२. बुँदा नं. १ मा स्वीकृत गरिएको आन्तरिक ऋणको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयमार्फत नेपाल सरकारलाई, तत् तत् प्रदेश सरकार, आर्थिक मामिला तथा योजना सम्बद्ध मन्त्रालयमार्फत सम्बन्धित प्रदेश सरकारलाई र स्थानीय सरकारलाई लेखी पठाउने।